आज मिति २०८३ श्रावण १६ गते खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा कार्यपालिकाको औं बैठक देहाय अनुसारका निर्णय गरी सम्पन्न भयो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिङमा छिरी शेर्पा | अध्यक्ष | |
| २ | श्री टासी ल्हमु शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री फुनुरु शेर्पा | कार्यपालिका सदस्य | |
| ४ | श्री आङ फुर्वा शेर्पा | कार्यपालिका सदस्य | |
| ५ | श्री नुरु जाङ्बु शेर्पा | कार्यपालिका सदस्य | |
| ६ | श्री लक्ष्मण अधिकारी | कार्यपालिका सदस्य | |
| ७ | श्री पासाङ ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| ८ | श्री आङ माया शेर्पा | कार्यपालिका सदस्य | |
| ९ | श्री डिमा याङ्जिन शेर्पा | कार्यपालिका सदस्य | |
| १० | श्री पासाङ डोमा शेर्पा | कार्यपालिका सदस्य | |
| ११ | श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री ल्हाक्पा गेल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री ल्हाक्पा छिरी शेर्पा | कार्यपालिका सदस्य | |
| १४ | श्री नवराज गौतम | सदस्य सचिव | |
| १५ | श्री सुजन कुमार बुढाथोकी | प्रशासकीय अधिकृत | |
| १६ | श्री काशीराम खड्का | ईञ्जिनियर | |
| १७ | श्री चेतनाथ कटेल | लेखा अधिकृत | |
| १८ | श्री मञ्जु श्री शर्मा निरौला | प्रशासन शाखा प्रमुख | |

| | | | |
|---|---|---|---|
| १९ | श्री पदम वहादुर वस्नेत | शिक्षा अधिकृत | |
| २० | श्री धन प्रसाद आचार्य | अधिकृत छैठौं (प्रशासन) | |
| २१ | श्री दिप कुमार बस्नेत | ईञ्जिनियर | |
| २२ | श्री भेष बहादुर घिमिरे | पशु विकास अधिकृत | |
| २३ | श्री बिशाल काफ्ले | सूचना प्रविधि अधिकृत | |
| २४ | श्री डम्बर कुमारी खड्का | स्वास्थ्य शाखा प्रमुख | |
| २५ | श्री लक्ष्मी प्रसाद सेढाई | कृषि विकास शाखा | |

## निर्णयहरु

### निर्णय १

आर्थिक वर्ष २०८३/०८४ अन्तर्गत स्वीकृत योजनाहरूको सम्झौता मिति २०८३ साल भदौ १५ गतेदेखि असोज २० गतेभित्र सम्पन्न गर्ने, साथै प्रत्येक वडाले आफ्नो वडाअन्तर्गत सञ्चालन हुने आयोजनाको नाम तोकी सम्बन्धित योजनाका लागि प्रचलित कानून बमोजिम उपभोक्ता समिति गठन गरी सम्झौता प्रक्रिया सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने ।

### निर्णय २

सोलुखुम्बु जिल्लाले निर्धारण गरेको आ व २०८३।८४ को दररेटका आधारमा खुम्बु पासाङल्हामु गाउँपालिकाको आ.व. २०८३/८४ को लागि योजना तथा कार्यक्रम कार्यान्वयन गर्न उच्च हिमाली क्षेत्र, यातायातको पहुँच, बजार तथा कामदारको उपलब्धता जस्ता कारणहरुले यस गाँउपालिका क्षेत्रमा काम गर्न कठिनाई हुने भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम यस कार्यालयको प्राविधिक शाखाबाट पेश गरेको गाउँपालिकाको दररेट स्वीकृत गर्ने ।

### निर्णय ३: विविध

क. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ को उपदफा (४) बमोजिम स्थानीय तहमा कार्यरत कर्मचारीलाई कुनै स्थानीय तहमा राखी राख्न उपयुक्त नभएमा पर्याप्त आधार कारण उल्लेख गरी जुनसुकै बखत प्रदेश स्थित अर्को स्थानीय तहको सोही पदको रक्त दरबन्दिमा सरुवा गर्न सक्ने व्यवस्था अनुसार यस गाउँपालिकामा कार्यरत शिक्षा अधिकृत सातौं श्री पदम बहादुर बस्नेतको मिति २०८३/०३/०५ को निवेदन तथा धर्मदेवी नगरपालिकाको मिति २०८३/०१/२३ गतेको चं. नं. १६१६ को सरुवा सहमति पत्र बमोजिम निजलाई अन्तरस्थानीय तह सरुवा गर्न यस गाउँ कार्यपालिकाको तर्फबाट सरुवा सहमति प्रदान गर्ने ।

ख. खुम्बु पासाङल्हामु गाउँपालिकाको “कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३” स्वीकृत गर्ने ।

ग. खुम्बु पासाङल्हामु गाउँपालिकाको “कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०८३ स्वीकृत गर्ने ।

घ. यस गाउँपालिकाको मिति २०८२ कार्तिक ३० गतेको कार्यपालिकाबाट पार्किङ एरिया सम्बन्धमा गठित जग्गा छनौट समितिको प्रतिवेदन स्वीकृत गर्ने । उक्त प्रतिवेदन अनुसार सम्बन्धित जग्गाधनीहरुले स्वेच्छाले गाउँपालिकाको नाममा जग्गा हस्तान्तरण गर्न सहमति जनाएको, कि. नं. ४१९, ८३३, ८३४ को जग्गा प्राप्तिको लागि आवश्यक प्रक्रिया अघि बढाउने तथा मुसेमा पनि सार्वजनिक पार्किङ स्थल आवश्यक पर्ने देखिएकोले कि. नं. ४३१ को सार्वजनिक जग्गा प्राप्तिको लागि प्रक्रिया अघि बढाउने र सो को लागि वरिष्ठ शाखा अधिकृत श्री सुजन कुमार बुढाथोकीलाई गाउँपालिकाको तर्फबाट जिम्मेवार प्रतिनिधि तोक्ने ।

ङ. विद्युत विकास विभागको मिति २०८३/०१/२३ को चलानी नं. २१८३ को प्राविधिक राय पेश गर्ने सम्बन्धको पत्रानुसार नौलेख इनर्जी प्रा.लि. लाई प्रचलित कानून, स्वीकृत मापदण्ड तथा आवश्यक सर्तहरूको पालना गर्ने गरी सञ्चालन/निर्माणका लागि गाउँपालिकाको तर्फबाट आवश्यक अनुमति प्रदान गर्ने ।

च. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नवीकरण, राष्ट्रिय परिचयपत्र वितरण/दर्ता, स्थानीय राजश्व दाखिला/संकलन लगायतका स्थानीय तहबाट प्रवाह हुने सेवाहरुलाई सहज, व्यवस्थित तथा समयमै सम्पन्न गर्न मिति २०८३ साल भदौ २ गतेदेखि भदौ ५ गतेसम्म एकिकृत सेवा शिविर चावहिल, काठमाण्डौंमा सञ्चालन र खर्च व्यवस्थापन खर्च विविध/ खर्च शिर्षकबाट गर्ने निर्णय ।

छ. गाउँपालिकाको बार्षिक खरिद योजना स्वीकृत गर्ने ।

ज. स्नो लेपर्ड इन्टरनेशनल मेडिसिन (SLIM Nepal) को मिति २०८३/०४/१४ गतेको अनुमति पत्र बमोजिम खुम्बु पासाङल्हामु गाउँपालिकाका नागरिकलाई गुणस्तरीय तथा सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले "स्वास्थ्य सेवामा सहज पहुँच" नामक पाँच वर्षीय स्वास्थ्य सेवा सञ्चालन गर्न सिफारिस गर्ने ।

झ. यस गाउँपालिका भित्रको विभिन्न पदमार्गहरुमा भएको क्षतिको विवरण संकलन कार्य गाउँपालिका तथा वडाबाट प्राविधिकहरु खटाई तुरुन्त आँकलन गर्ने र क्षतिग्रस्त पदमार्गहरुको तुरुन्त पुन:निर्माण

र मर्मत गर्नका लागि प्राविधिकले तयार गरेको लागत अनुमान सहित सम्बन्धीत वडा कार्यालयबाट सिफारिस भई आएका देहायका योजनाहरुका लागि  विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने ।

देहाय

| क्र.सं | क्षतिको विवरण | वडा नं. |
|---|---|---|
| १ | थाडोकोशीमा पहिरोको कारणले पदमार्गमा क्षति पुगेको | ३ |
| २ | ठाडोकोशी हाइड्रोको मुहानमा अविरल वर्षाले क्षति पुगेको | ३ |
| ३ | फोर्चे बस्ती जाने मूल बाटोमा पहिरोले क्षति पुगेको | ४ |
| ४ | खुम्जुङ बस्तीको पुच्छरको खोलाले ढुंगा बगाएर ल्याई बाटो अवरोध गरेको | ४ |
| ५ | पारे हुंगो जाने पुलमा क्षति पुगेको | ५ |
| ६ | मार्लुङ पुलमा सामान्य क्षति पुगेको | ५ |